# बित्थडचिर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देउलेख , बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल


visit Nepal 2020

पत्र संख्याः २०७६/७७
च. नं

मिति:२०७७/०२/१९

**बिषय: खाद्य सामग्री उपलब्ध गराउन इच्छुक पसलले प्रस्ताव पेश गर्ने सुचना ।**

प्रस्तुत बिषयमा यस बित्थडचिर गाउँपालिकालाई तेस्रो चरणको राहत वितरणकालागि तपशिल बमोजिमको खाद्य सामग्री उपलब्ध गराउन इच्छुक आपूर्ति कर्ता वा पसलले तपशिल बमोजिमका सामान प्रत्येक वडामा पुर्याउने गरि यो सुचना प्रकाशित मितिले ३ दिन भित्र bitthadchirmun@gmail.com वा सोझै कार्यालयमा पुग्ने गरि तपशिल बमोजिमको बुँदाको अधिनमा रही मिति २०७७/०२/२१ गते दिउसो १२ बजे भित्र पुग्ने गरि प्रस्ताव पेश गर्न हुन जानकारी गरिन्छ ।

तपशिल:
१.खाद्य आपूर्ति र ढुवानी गर्न अनुमति पाएको पसल दर्ता भएको प्रमाण पत्र , PAN दर्ता प्रमाण पत्र र आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण पत्र अनिबार्य हुनु पर्ने ।
२.हस्त लिखित निवेदनमा निम्न लिखित सामग्रीहरुको दर रेट अनिबार्य रुपमा अंक र अक्षरमा लेख्नु पर्नेछ । अन्यथा अंक र अक्षरमा नलेखे पसलको निवेदनलाई मान्यता दिइनेछैन ।

| सामग्रीको नाम | प्रति क्विन्टल दर रेट | | | | | | | | | जम्मा आवश्यक सामाग्रीहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा न. १ | वडा न.२ | वडा न.३ | वडा न. ४ | वडा न.५ | वडा न.६ | वडा न.७ | वडा न.८ | वडा न.९ | | |
| चामल क्विन्टल | ३० | ४५ | २४ | ५३ | २१ | ३३ | २५ | १२ | ६६ | ३०९ क्विन्टल | |

३.प्रत्येक वडाको लागि ढुवानी सहित दर रेट छुट्टा छुट्टै राखी निबेदन पेश गर्नु पर्नेछ ।
४.उक्त सामग्रीको दर रेट स्थानीय बजार भन्दा बढी भएमा सम्झौता रद्द गरिने छ ।
५.कार्यालयको मागको आधारमा आपूर्ति कर्ताले सामग्री हरु उपलब्ध गराउनु पर्नेछ ।
६.प्रचलित कानुन बमोजिम कर सम्बन्धित आपूर्ति कर्ताले तिर्नु पर्नेछ ।
७.उल्लेखित सामग्री हरु आपूर्ति कर्ताले ५ दिन भित्र ९ वटै वडा कार्यालयहरुमा पुर्याई सक्नु पर्नेछ ।
८.उपयुक्त गुणस्तर,तौल मापन नभएमा सम्बन्धित ब्यबसायी जिम्मेवार हुनु पर्नेछ ।

चक्र देव भट्ट
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner